स्वीकृत मितिः २०८३ असोज २ गते

# जेन-जी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई निःशुल्क शिक्षा प्रदान गर्नेसम्बन्धी मापदण्ड, २०८३

**प्रस्तावनाः** अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयले देहायको मापदण्ड बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "जेन-जी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई निःशुल्क शिक्षा प्रदान गर्नेसम्बन्धी मापदण्ड, २०८३" रहनेछ ।

(२) यस मापदण्ड तरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा-,

(क) "सहिद" भन्नाले नेपाल सरकारबाट घोषणा गरिएको जेन-जी सहिद सम्झनु पर्छ ।

(ख) "परिचयपत्र वाहक" भन्नाले सम्बन्धित निकायबाट जारी जेन-जी आन्दोलनका कारण गम्भीर वा अति गम्भीर घाइते परिचयपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ग) "लाभग्राही" भन्नाले जेन-जी आन्दोलनका सहिदका छोराछोरी, सहोदर दाजुभाइ–दिदीबहिनी तथा गम्भीर वा अति गम्भीर घाइते परिचयपत्रवाहकलाई सम्झनु पर्छ।

(घ) "विद्यालय" भन्नाले नेपाल सरकारबाट स्वीकृतिप्राप्त सामुदायिक र संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ङ) "विश्वविद्यालय" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय सम्झनु पर्छ ।

## परिच्छेद–२

## मापदण्डको उद्देश्य तथा सुविधासम्बन्धी व्यवस्था

३. **उद्देश्यः** यस मापदण्डको उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

(क) जेन-जी आन्दोलनका सहिद परिवार तथा गम्भीर र अति गम्भीर घाइते परिचयपत्रवाहकलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नु,

(ख) जेन-जी आन्दोलनका सहिदका छोराछोरी वा सहोदर दाजुभाइ दिदीबहिनी तथा घाइतेको परिचयपत्र वाहकलाई आधारभूत तहमा पूर्ण रूपमा निःशुल्क शिक्षा र आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउनु,

(ग) जेन-जी आन्दोलनका सहिदका छोराछोरी वा सहोदर दाजुभाइ दिदीबहिनी तथा घाइतेको परिचयपत्र वाहकलाई स्नातक तहसम्म निःशुल्क अध्ययनको अवसर सुनिश्चित गर्नु ।

४. **लाभग्राहीले प्राप्त गर्ने सुविधाः** (१) लाभग्राहीलाई आधारभूत तहमा देहायका सुविधा उपलब्ध गराइनेछः-

(क) प्रचलित कानुनबमोजिम निःशुल्क शिक्षा,

(ख) विद्यालय पोशाक र पाठ्य तथा सिकाइ सामग्री बापत कक्षा ५ सम्म वार्षिक बाह्र हजार रूपैयाँ र कक्षा छ देखि आठ सम्म वार्षिक सोह्र हजार रूपैयाँ स्थानीय तहमार्फत उपलब्ध गराईने छ।

(२) लाभग्राहीलाई माध्यमिक तहमा देहायका सुविधा उपलब्ध गराइनेछः-

(क) प्रचलित कानुनबमोजिम निःशुल्क शिक्षा,

(ख) विद्यालय पोशाक र पाठ्य तथा सिकाइ सामग्री बापत कक्षा नौ र कक्षा दश को लागि वार्षिक बीस हजार रूपैयाँ र कक्षा एघार र कक्षा बाह्र सम्म वार्षिक चौबीस हजार रूपैयाँ स्थानीय तहमार्फत उपलब्ध गराइने छ।

(३) लाभग्राहीलाई स्नातक तहसम्म अध्ययनका लागि देहायका सुविधा उपलब्ध गराइनेछः-

(क) सबै विश्वविद्यालयले उपलब्ध गराउने छात्रवृत्ति कोटामध्ये निश्चित कोटा लाभग्राहीका लागि आरक्षण गर्नुपर्ने,

(ख) त्यस्तो कोटामा विद्यार्थी छनोट गर्ने प्रयोजनका लागि अन्य छात्रवृत्ति कोटामा छनोटका लागि उपयोग गरिने मापदण्ड उपयोग गर्नुपर्ने,

(ग) उल्लिखित छात्रवृत्ति कोटामा छनोट हुन नसकेका विद्यार्थीका लागि विश्वविद्यालय अनुदान आयोगमार्फत वार्षिक रुपमा तीस हजार रूपैयाँ वा निर्धारित शुल्कमध्ये जुन कम हुन्छ सोहीबमोजिमको रकम छात्रवृत्तिको रूपमा उपलब्ध गराइने छ ।

(४) संस्थागत विद्यालयहरुले ऐनको दफा २७ को उपदफा (३) बमोजिम उपलब्ध गराउने छात्रवृत्तिकोटामा लाभग्राहीलाई समावेश गर्नुपर्ने छ।

## परिच्छेद–३

## निवेदन तथा संस्थागत जिम्मेवारीसम्बन्धी व्यवस्था

५. **निवेदन माग गर्नु पर्नेः** (१) यस मापदण्ड बमोजिम लाभग्राहीले आधारभूत तथा माध्यमिक तहका लागि विद्यालयमार्फत स्थानीय तहमा आवेदन पेश गर्नुपर्ने छ ।

(२) स्नातक तहका लागि लाभग्राहीले सम्बन्धित क्याम्पसमार्फत विश्वविद्यालय अनुदान आयोगमा आवेदन गर्नुपर्ने छ ।

(३) लाभग्राहीले आवेदन साथ सम्बन्धित निकायले निर्धारण गरेको अवधिभित्र अनुसूची बमोजिमको ढाँचामा देहायबमोजिमका कागजात पेस गर्नुपर्नेछः-

(क) लाभग्राही परिचयपत्रको प्रतिलिपि,

(ख) नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) नाता प्रमाणित गर्ने कागजात,

(घ) अध्ययनरत संस्थाको सिफारिस ।

## परिच्छेद–४

## संस्थागत जिम्मेवारी

६. **संस्थागत जिम्मेवारीसम्बन्धी व्यवस्थाः** (१) विद्यालयको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) लाभग्राहीको अभिलेख राख्ने,

(ख) तोकिएको सुविधा उपलब्ध गराउने ।

(२) स्थानीय तहको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) लाभग्राही प्रमाणीकरण गरी निशुल्क अध्ययनको व्यवस्था गर्ने,

(ख) विद्यालय तहमा अध्ययनरत विद्यार्थीका हकमा तोकिएको रकम विद्यार्थीको बैङ्क खातामा भुक्तानी गर्ने,

(ग) अनुगमन गर्ने र सोको प्रतिवेदन शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेश गर्ने ।

(३) विश्वविद्यालय अनुदान आयोग/विश्वविद्यालय/ क्याम्पसको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) भर्ना तथा अध्ययन विवरण प्रमाणित गर्ने,

(ख) छात्रवृत्ति कोटामा विद्यार्थी छनोट गर्ने र भर्ना गरी अध्ययन अध्यापन गराउने,

(ग) छात्रवृत्ति कोटामा नपरेका लाभग्राहीलाई छात्रवृत्ति रकम उपलब्ध गराउन विश्वविद्यालय अनुदान आयोगमा सिफारिस गर्ने,

(घ) विश्वविद्यालय अनुदान आयोगले तोकिएको छात्रवृति रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा भुक्तानी गर्ने,

(ङ) विश्वविद्यालय अनुदान आयोगले सोसँग सम्बन्धित प्रतिवेदन शिक्षा तथा खेलकुद मन्त्रालयमा पेश गर्ने।

(४) शिक्षा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) मापदण्ड कार्यान्वयन गराउने,

(ख) विद्यालय तहका हकमा स्थानीय तह र उच्च शिक्षाको हकमा विश्वविद्यालय अनुदान आयोगका लागि बजेट विनियोजनको व्यवस्था गर्ने ।

## परिच्छेद–५

## अनुगमन र कारबाही

७. **अनुगमनः** स्थानीय तह, प्रदेश सरकार तथा शिक्षा तथा खेलकुद मन्त्रालयले नियमित अनुगमन गर्नेछन् ।

८. **झुट्टा विवरण पेश गर्न नहुनेः** कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी सुविधा लिएको प्रमाणित भएमा सुविधा रद्द गरी प्रचलित कानुनबमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

## अनुसूची

### (दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

### निवेदनको ढाँचा

१. निवेदकको विवरण:

नाम: ..........................................

पूरा ठेगाना: स्थायी ............................. अस्थायी स्थायी ....................................

लाभग्राहीको वर्ग:

| | सहिदका छोराछोरी | | सहोदर दाज्भाइ/दिदीबहिनी |
|---|---|---|---|

परिचयपत्र नम्बर: [ ]

२. अध्ययनरत विद्यालय/क्याम्पसको नाम: .............................

३. कक्षा/तह: .............................

४. बैङ्क खाता विवरण:

नाम: ..........................................................................

खाता नम्बर: ....................................

५. संलग्न कागजातहरू:

क. परिचयपत्र

ख. नागरिकता वा जन्मदर्ता

ग. नाता प्रमाणित कागजात

घ. अध्ययनरत संस्थाको सिफारिस

माथि उल्लिखित विवरण सही छन् । झुठा ठहरेमा कानुनबमोजिम सहुँला/बुझुँला ।

............................

निवेदकको नाम र हस्ताक्षर